रिब्दीकोट गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
खस्यौली, पाल्पा
५ नं. प्रदेश

०७५६२००५५,०७५६९२३०७८
Email: info@ribdikotmun.gov.np
website: www.ribdikotmun.gov.np

प.सं.:- ०७५/७६
च.नं.:- २६४

मिति :-२०७५/०६/१४

## सामाजिक सुरक्षा भत्ताको लगत कट्टा गर्ने सम्बन्धि अत्यन्त जरुरी सुचना ।

प्रस्तुत विषयमा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय केन्द्रिय पञ्जिकरण विभागको च.नं. ११२ मिति २०७५।०५।१९ को पत्रमा सामाजिक सुरक्षा संचालन कार्यविधि २०७५ बमोजिम सामाजिक सुरक्षा भत्ता वितरण गर्ने भन्ने व्यहोरा निर्देशन भएअनुसार सोहि कार्यविधिको परिच्छेद ३ दफा ९ उपदफा २ मा नेपाल सरकार वा नेपालसरकावाट मान्यता प्राप्त राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्था वा नेपाल सरकारसंग सम्बन्ध स्थापित भएका मित्रराष्ट्र वा तिनका निकायहरुबाट मासिक रुपमा तवल भत्ता पेन्सन वा यस्तै प्रकारका अन्य कुनै मासिक सुविधा पाइरहेका व्यक्तिहरुले सामाजिक सुरक्षा भत्ता नपाउने व्यहोरा उल्लेख भएकोले विगतको सामाजिक सुरक्षा संचालन कार्यविधि २०७२ अनुसार हालसम्म नेपाल सरकारको तर्फबाट प्राप्त हुने सामाजिक सुरक्षा भत्ता पाइरहेका तर सामाजिक सुरक्षा संचालन कार्यविधि २०७५ को दफा ९ उपदफा २ संग प्रतिकुल हुने लाभग्राहीहरुले आफ्ना सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने परिचय पत्र स्वयं उपस्थित भई वा आफन्तजन एवं सम्बन्धित वडा सदस्यहरु मार्फत सम्बन्धित वडा कार्यालय तथा गाउँकार्यपालिकाको कार्यालयमा ७ दिन भित्र बुझाई लगत कट्टा एवं अध्यावधिक गर्नका लागि आवश्यक सहयोग गरिदिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

नोटः यो सूचनालाई बेवास्ता गरि लगतकट्टा गर्न नआई भविष्यमा भत्ता प्राप्त गर्ने उद्देश्य लिई लगतकट्टा नगरेमा वा सामाजिक सुरक्षा संचालन कार्यविधि २०७५ भन्दा प्रतिकुल हुनेगरी सामाजिक सुरक्षा भत्ता प्राप्त गरेमा कानुन बमोजिम हुने र सम्वन्धित व्यक्ति बाट भत्ता बुझिलिएको रकम प्रचलित कानुन बमोजिम असुल उपर गरिने व्यहोरा समेत सूचित गरिन्छ ।

...................
(अनिल पौडेल)
प्रमुख प्रशासकीय अधिकृत